मिति: २०७७/०५/१७ गते
समय :-११:०० बजे
स्थान : महांकाल सदन

# ५६ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १** :- प्रस्ताव नं. १ माथि छलफल गर्दा दोलखा जिल्ला विपद ब्यबस्थापन समितिले तयार गरेको संयुक्त विपद ब्यबस्थापन कार्यविधि २०७७ को दफा ६ को उपदफा ११ बमोजिम प्रस्तावित चरिकोट अस्पतालको संयुक्त विपद ब्यबस्थापन कार्यविधि २०७७ स्वीकृत गरी सोहि बमोजिम दोलखा जिल्लामा रहेका ९ वटै पालिकाहरुले कोभिड-१९ महामारी बिरुद्ध संयुक्त प्रतिकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं २** :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाले कोभिड-१९ महामारी बिरुद्ध हालसम्म गरेका प्रतिकार्य र खर्चको समीक्षा गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३** :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. ०७५/७६ मा अन्तिम लेखापरीक्षणले औल्याएका बेरुजु सम्बन्धमा समीक्षा गरी उल्लेखित बेरुजुको किनारा लगाउन आवश्य कार्य अगाडि बढाउन आर्थिक प्रशान प्रमुख / कार्यालयलाई निर्देशन दिने र उक्त कार्यमा सहयोग गर्न स्वास्थ्य शाखामा सेवा करारमा कार्यरत सहायक कम्पुटर अपरेटर श्री सुजन न्यौपानेलाई थप जिमेवारी दिई निजलाई २०७७/०५/१ गतेबाट सहायक स्तर प्रथम तहको सेवा सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४** :- प्रस्ताव नं.५ माथि छलफल गर्दा यस कार्यालयद्बारा जिल्ला दररेट, अन्य सरकारी निकायहरुको जिल्ला दररेट समेतलाई विश्लेषण गरी तयार पारिएको नगर दररेट २०७७/७८ स्वीकृत गरी कार्यान्वनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.५** सस्कृतिक, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको मिति २०७७/०५/०२ मा प्रदेश तथा स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमहरुका लागि प्रस्ताव आह्वानको सुचाना बमोजिम यस नगरपालिका वार्ड नं. १ राँङराँङथलिमा निर्माणाधीन **थामी संग्राहलय निर्माण तथा ब्यबस्थापन योजना** र वडा नं. ६ मुलखर्क डाँडा, खोर्थलिमा **निर्माणाधीन विश्वशान्ति बुद्ध पार्क निर्माण योजनामा** स्वीकृत रकमको ३५% (पैतिस प्रतिशत) यस नगरपालिकाबाट साझेदारी गर्ने प्रतिबद्धता गर्दै प्रस्ताब पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६**:- प्रस्ताव नं.६ बिबिध माथि छलफल गरी देहाए बमोजिम गर्ने निर्णय गरियो

(क) यस नगरपालिका वडा नं. ४ मा जिलुमा निर्माणाधिन डिही – फसिभै एकीकृत नमूना बस्तीको जग्गाधनीहरुबाट जग्गा एकीकरण गर्ने प्रयोजनका लागि हक हस्तान्तरण गर्नुपर्ने भएकोले उक्त प्रयोजनको लागि जगाधनीहरु लाभान्वित नहुने सन्दर्भमा प्रचलित कानून बमोजिमको रजिष्ट्रेशन दस्तुर जनतासंग मयेर कार्यक्रमबाट नगरपालिकाले भुक्तानी दिने ।

(ख) यस नगरपालिका वडा नं.४ को वडा भवनमा फर्निचर ब्यबस्थापन गर्दा लागेको खर्च रु ३,००,०००/-मध्ये वडा समितिको माग बमोजिम बिनियोजन बजेटको सि.न.३०६ टिम्मुर खेति कार्यक्रम बाट रकमान्तर गरी रु २,००,०००/-(दुई लाख) र बाँकी रकम सि. नं.३१११२३ फर्निचर तथा फिक्चर्स शीर्षकबाट खर्च लेख्ने ।

(ग) यस नगरपालिका वडा नं. ५ स्थित महाँकाली भगवती मन्दिर परिसरमा गत वर्ष निर्माण गरिएको सतल भवन निर्माण कार्य बजेट अभावको कारणले सम्पन्न हुन नसकी बाँकी कार्य यस आव.०७७/७८ मा सम्पन्न गर्नुपर्ने भएकोले कार्यसम्पन्न प्रतिवेदनको आधारमा साँस्कृतिक संरक्षण शिर्षकबाट रु ३,००,०००/- (तीनलाख ) उपलब्ध गराउने ।

(घ) यस कार्यालयमा कार्यरत देहाएका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र कार्यालयलाई उक्त सेवा आवश्यक रहेकोले साविक बमोजिमनै सेवा सुबिधा पाउने गरी २०७७ श्रावण १ गतेबाट लागु हुने गरी २०७७ साल पौष मसान्तसम्मका लागि सेवा करार थप गर्ने

| क्र.स. | नाम थर | पद | सेवा सुबिधा |
|---|---|---|---|
| क | रबिन पोखरेल | सर्भेक्षक | साविक बमोजिम |
| ख | शान्ति बहादुर के.सी. | कार्यालय सहायक | साविक बमोजिम |
| ग | सुवास श्रेष्ठ | कार्यालय सहायक | साविक बमोजिम |
| घ | कुमारी सार्की | कुचिकार | साविक बमोजिम |
| ङ | चिरण शिवाकोटी | अनमी | मासिक रु १६,०००/- चाडपर्व खर्च र पोशाक |
| च | रक्षा बस्नेत | अनमी | |
| छ | सीता लामा | अनमी | |

(ङ)यस नगरपालिकाद्वारा आ.ब.०७६/७७ मा कार्यपालिकाको ३६ औ बैठकको निर्णय अनुसार मिति २०७६/४/११ मा प्रकाशित करारमा जनशक्ति पदपूर्ति गर्ने सम्बन्धी सुचाना कोभिड १९ को कारण परिक्षा हुन नसकेकोमा पदपूर्ति गर्ने, चालु आ.ब.७७/७८ को प्रदेश सरकारको शसर्त अनुदान कार्यक्रममा ब्याबस्थामा भएको रकममा नपुग हुने रकम नगरपालिकाबाट थप गर्ने गरी १ जना अ.हे.ब.र ३ जना अनमी चालु आर्थिक बर्षका लागि बजेटको सुनिश्चितता भएकोले पदपूर्ति गर्ने निर्णय गरियो ।

(च) भीमेश्वर नगरपालिका क्षेत्रभित्रका सबै बिद्यालयमा लागुहुने गरी (कक्षा १-८ ) पुर्णाङ्क १०० को स्थानीय पाठ्यक्रम तयार गरी  यसै शैक्षिक सत्र २०७७ बाट कार्यान्वयनमा ल्याईएकोले उक्त स्थानीय पाठ्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(छ) यस नगरपालिकाको करारमा जनशक्ति ब्याबस्थापन सम्बन्धी कार्यविधि २०७५, को बुदा नं. १ को २ (ग) बमोजिमको जनशक्तिलाई समय सापेक्ष गुणस्तरीय बनाउन उक्त जनशक्ति करारमा लिदा सोहि कार्यविधिको बुदा नं. २.२ को क,ख,ग, घ,ङ को अङ्क विभाजन तथा ५० पुर्णाङ्कको लिखित परीक्षा संलग्न अनुसूची बमोजिम गर्ने निर्णय गरियो ।

(ज) कोभिड-१९ कारण २०७६चैत्र देखिनै विद्यालयहरु बन्द रहेको अवस्थामा नेपाल सरकारले शैक्षिक सत्र २०७७ लाई निरन्तरता दिन २०७७ श्रावण देखि बैकल्पिक शिक्षाको माध्यामबाट कक्षा १-१० सम्मको पठनपाठनका लागि खुला गर्ने नीति लिएको छ ।

यस सन्दर्भमा यस नगरपालिकाबाट आ.व. ०७७/७८ को बजेटमा सो सम्बन्धी ब्याबस्था नगरेकोले  ब.सी. नं. १८२ आधारभूत तहका शिक्षकको क्षमता विकास कार्यक्रम रु २,००,०००/- र ब.शि. नं.१९४ को बिषयगत शिक्षकको क्षमता विकास तालिम रु ७५,०००/-  गरी जम्मा रु २७५,०००/-बैकल्पिक शिक्षण सिकाई सहजीकरण कार्यक्रममा रकमान्तरण गरी खर्च लेख्ने ।

**भीमेश्वर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**चरिकोट, दोलखा ।**
**स्वास्थ्य सेवा करारमा जनशक्ति छनौटका आधारहरु २०७७**

| क. स. | छनौटका आधार | अंकभार |
|---|---|---|
| १ | शैक्षिक योग्यता | २० |
| २ | समावेसिता | ५ |
| ३ | कार्यानुभव (न्यूनतम ६ महिना कार्यानुभव ) | २० |
| ४ | उम्मेदवारको स्थायी ठेगाना | २५ |
| ५ | अन्तर्वार्ता | ३० |
| ६ | लिखित परीक्षा | ५० |
| ७ | जम्मा अंक | **१५०** |
| **१** | **शैक्षिक योग्यता** | **२०** |
| १.१. | **न्यूनतम शैक्षिक योग्यता** | १५ |
| **१.२** | **माथिल्लो शैक्षिक योग्यता वापत थप अंक** | **५** |
| २ | **समावेसीता** | **५** |
| २.१ | समावेशीता( महिला/दलित/जनजाति/अपाङगता) | ३ |
| २.२ | दोहोरो समावेतसीता वापत थप अंक | २ |
| ३ | **कार्यानुभव (न्यूनतम ६ महिना कार्यानुभव )** | **२०** |
| ३.१ | न्यूनतम कार्यानुभव ६ महिना अविछिन्न सेवालाई मानी प्रति बर्ष ४ अंकका दरले बढिमा २० अंक (नेपालसरकारव्दारा मान्यता प्राप्त स्वास्थ्य संस्था र सरकारी स्वास्थ्य सस्थामा काम गरेकोलाई मात्र कार्यानुभर्व गणना गरिने छ ) | |
| ४ | स्थायी ठेगाना | **२५** |
| ४.१ | सम्बन्धित वडा | ५ |
| ४.२ | भमेश्वर नगरपालिका | ५ |
| ४.३ | दोलखा जिल्ला | ५ |
| ४.४ | बागमती प्रदेश | ५ |
| ४.५ | नेपाल | ५ |
| **५** | **लिखित परीक्षा** | **५०** |
| ५ | **अन्तर्वार्ता** | **३०** |

**नोट :-** **कम संख्या ५को परीक्षामा सहभागी हुने परिक्षर्थीलाई मात्र अन्तरवार्ता परिक्षामा समावेश गरिने छ।**

अनुसूची १